मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ १२ गते सोमबार ❑ 26 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## गठबन्धनका तिमिल्सिना र देवकोटा राष्ट्रिय सभामा निर्वाचित

**पोखरापत्र संवाददाता**
पोखरा, ११ माघ

गण्डकी प्रदेशबाट राष्ट्रिय सभा निर्वाचन अन्तर्गत आइतबार सम्पन्न मतदानबाट गठबन्दन नेपाली कांग्रेस र नेकपा (एमाले) का उम्मेदवार विजयी भएका छन् । कांग्रेस-एमालेबीच भएको चुनावी तालमेलबाट कांग्रेसका उम्मेदवार प्रा.डा.जगत तिमिल्सिना र एमालेकी उम्मेदवार सम्झना देवकोटा निर्वाचित हुनु भएको छ ।





तनहुँका प्रा.डा. जगत तिमिल्सिनाले कुल ५ हजार ३३ मतभार प्राप्त गर्दै विजयी हुनुभयो भने उनले स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष तथा उपाध्यक्षबाट १ सय ३१ मत र प्रदेशसभा सदस्यबाट ४८ मत प्राप्त गर्नुभयो । उहाँका प्रतिद्धान्दी नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का उम्मेदवार मनाङका कपिल लामाले ९ सय ४१ मतभार प्राप्त गर्नुभयो । राष्ट्रिय जनमोर्चाका शंकरप्रसाद बरालले भने ७६ मतभार प्राप्त गर्नुभयो । तनहुँको शुक्लागण्डकी स्थायी घर हुनु भएका तिमिल्सिना लामो समयदेखि त्रिभूवन विश्वविद्यालयको शैक्षिक तथा साङ्गठनिक राजनीतिमा सक्रिय हुनुहुन्छ । एमालेकी उम्मेदवार सम्झना देवकोटाले ५ हजार १४ मतभार प्राप्त गरी विजयी हुनु भयो । उहाँले स्थानीय तहका जनप्रतिनिधिबाट १ सय ३० मत र प्रदेशसभा सदस्यबाट ४८ मत प्राप्त गर्नुभयो । उहाँका निकटतम प्रतिस्पर्धी नेकपाकी गोमा लुइँटेल घिमिरेले ९ सय ४१ मतभार प्राप्त गर्दा जनमोर्चाकी लक्ष्मी वास्कोटाले ७६ मतभार प्राप्त गर्नुभयो । गोरखा नगरपालिका-३ नारेश्वरकी देवकोटा २०४० सालदेखि नेपाली कम्युनिस्ट आन्दोलनमा लाग्दै आउनु भएको छ । उहाँ २ वर्ष अघिको राष्ट्रिय सभा सदस्य उम्मेदवार हुनु भएको थियो ।

निर्वाचनमा प्रदेशसभा सदस्यको एक मत बराबर ५३ मतभार र स्थानीय तहका प्रमुख तथा उपप्रमुखको एक मत बराबर १९ मतभार कायम गरिएको थियो । अन्य समूहमा २ प्रदेश सांसद र १ स्थानीय तहका जनप्रतिनिधिको मत बदर भएको छ भने महिला समूहमा २ प्रदेश सांसद र २ स्थानीय तहका जनप्रतिनिधिको मत बदर भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

गण्डकी प्रदेशमा कुल २ सय २८ मतदाता रहेकामा २ सय २३ जनाले मात्र मतदान गरेका थिए । ६० जना प्रदेश सांसदमध्ये राप्रपाका २ सांसद मतदानमा अनुपस्थित रहे भने स्थानीय तहका ३ जना प्रमुख तथा उपप्रमुखले पनि मतदान गरेनन् । ढोरपाटन नगरपालिकाका प्रमुख देवकुमार नेपाली सहकारी ठगी प्रकरणमा पुर्पक्षका लागि थुनामा रहेका कारण मतदानमा सहभागी हुनुभएन । मनाङको नार्पाभूमि गाउँपालिकाका अध्यक्ष कोन्जो तेन्जिङ लामा बिरामी भएका र वालिङ नगरपालिकाकी उपमेयर कविता तिवारी हाल विदेशमा रहेकाले मतदानमा सहहभागि हुनु भएन् । प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) का सांसद फणीन्द्र देवकोटाले मतपत्र खाली छोड्दै कसैलाई पनि समर्थन नरहेको संकेत गर्नुभयो । आगामी फागुन २० गतेदेखि गण्डकी प्रदेशबाट राष्ट्रिय सभामा २ सदस्यको पद रिक्त हुने भएपछि निर्वाचन गरिएको हो । खुला समूहबाट नारायणकाजी श्रेष्ठ र महिला समूहबाट भगवती न्यौपानेको ६ वर्षे कार्यकाल सकिन लागेकाले यी दुई पदका लागि निर्वाचन भएको हो ।

दिउँसो ३ बजेसम्मका लागि मतदानको समय तोकिएकोमा २ प्रदेश सांसद र ३ जना स्थानीय तहका अध्यक्ष र उपाध्यक्षले मतदान गरेनन् । गण्डकी प्रदेशमा ६० जना प्रदेश सांसद र ८५ स्थानीय तहका मेयर, उपमेयर, अध्यक्ष र उपाध्यक्ष गरी १७० जना मतदाता रहनु भएको थियो । प्रदेश सांसद राजिव गुरुङ (दीपक मनाङे) अहिले जेलमा भएकाले उहाँको मतदाता नामावलीमा नाम समावेश थिएन । ५९ जना प्रदेश सांसद मतदाता रहेकोमा राप्रपाका पञ्चराम गुरुङ र बिन्दुकुमारी पौडेल मतदानमा अनुपस्थित हुनुभयो ।

## कास्कीमा २६ वर्षदेखि ७० वर्षसम्मका उम्मेदवार

**पोखरापत्र संवाददाता**
पोखरा, ११ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा कास्कीमा २६ वर्षदेखि ७० वर्षसम्मका उम्मेदवार चुनावी प्रतिष्पर्धामा उत्रिएका छन् ।

निर्वाचनमा अधिकृतको कार्यालयको तथ्याङ्कअनुसार उम्मेदवारी दर्ता गरेकामध्ये कास्कीको क्षेत्र नं २ बाट सबैभन्दा कम उमेरका २६ वर्षीय निर्दोषविक्रम पौडेलको उम्मेदवारी परेको छ भने कास्की क्षेत्र नं ३ बाट सबैभन्दा बढी उमेरका ७० वर्षीय गोपाल गिरीको उम्मेदवारी परेको छ ।

कास्की क्षेत्र नं १ मा कूल १७ जना उम्मेदवारमध्ये सबैभन्दा कम ३८ वर्षदेखि ६७ वर्ष उमेरसम्मका व्यक्ति चुनावमा प्रतिस्पर्धा गर्दैछन् । यस क्षेत्रमा ११ जना ५० वर्ष मुनिमा उम्मेदवार रहेका छन् । क्षेत्र नं २ मा कूल १७ जना उम्मेदवारमध्ये २६ वर्षदेखि ६५ वर्ष उमेर समूहकाले प्रतिस्पर्धा गर्दैछन् । यस क्षेत्रमा १२ जना उम्मेदवार ५० वर्षभन्दा कम उमेरका छन् ।

त्यस्तै, क्षेत्र नं ३ मा कूल १५ जना उम्मेदवारमध्ये ३६ वर्षदेखि ७० वर्षसम्मका व्यक्तिहरू प्रतिस्पर्धामा उत्रिएका छन् । यस क्षेत्रमा छ जना उम्मेदवार मात्रै ५० वर्ष तलका छन् । नवयुवादेखि ७० वर्षसम्मको उमेर समूहसम्मका उम्मेदवारबीच हुन लागेको प्रतिस्पर्धालाई अत्यन्त महत्वका साथ हेरिएको छ । तीन निर्वाचन क्षेत्रमा कूल ४९ जनाले उम्मेदवारी दर्ता गराएकामा १८ राजनीतिक दलसहित छ जना स्वतन्त्र उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

कूल ४९ उम्मेदवारमध्ये पाँच जना महिलाको मात्रै उम्मेदवारी परेको छ । अन्य सबै पुरुष छन् । जिल्लामा यसपटक अधिकांश उम्मेदवार नयाँ छन् । कास्कीमा आसन्न निर्वाचनमा कूल तीन लाख आठ हजार ५७२ जना मतदाता रहेका निर्वाचनमा अधिकृतको कार्यालयले जनाएको छ । यसअघि २०७९ को निर्वाचनमा दुई लाख ९१ हजार ५६८ जना मतदाता रहेकामा यसपटक १७ हजार चार जना नयाँ मतदाता थपिएको निर्वाचन कार्यालयले जनाएको छ ।

## उद्योग व्यवसायीसँग अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, ११ माघ

एकीकृत सेवा कार्यालय स्याङ्जा र जिल्लामा रहेका उद्योग तथा व्यवसायी संघ संस्थाका नेतृत्वकर्ताबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यालयको सेवा प्रवाहलाई नागरिक मैत्री बनाउदैं उद्योग, व्यापार र पर्यटन क्षेत्रको बहुआयमिक विकासमा हातेमालो गरेर अगाडी बढ्ने विषयमा छलफल भएको छ । कार्यक्रममा उद्योग तथा व्यवसायको दर्ता, नविकरण, खारेजी , नामसारी लगायतका विषयमा सरलीकरण गरेर सेवा प्रवाह गर्ने, सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने, सिपमूलक तालिम र अनुदानका कार्यक्रमहरुलाई आगामी नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्ने, उत्पादनलाई गुणस्तरीय बनाउने र समग्र स्याङ्जाको व्यवसायीक क्षेत्रलाई चलायमान बनाउनु पर्नेमा संघ संस्थाका प्रतिनिधिहरुले जोड दिनु भयो ।

कार्यक्रममा स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष महादेव श्रेष्ठ, चेम्बर अफ कमर्श स्याङ्जाका अध्यक्ष लोकनाथ रेग्मी, उपभोक्ता हित संरक्षण मञ्च स्याङ्जाका अध्यक्ष राजेन्द्र प्रसाद मरासिनी, घरेलु तथा साना उद्योग महासंघ स्याङ्जा निवर्तमान अध्यक्ष संगम ताम्राकार, ब्युटी पार्लर एसोशियसन स्याङ्जा उपाध्यक्ष माया गोरखाली, महिला उद्यमी संघ स्याङ्जाका अध्यक्ष चन्द्रकला राना लगायतले राज्यले व्यवसायी

बाँकी अन्तिम पृष्ठमा ▶▶

## राष्ट्रियसभामा कांग्रेस-एमालेसहितको गठबन्धन विजयी

**रासस**
काठमाडौं, ११ माघ

राष्ट्रियसभा सदस्यका लागि आगामी फागुन २० गतेदेखि रिक्त हुने १८ सदस्यका लागि आइतबार भएको निर्वाचनमा नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) गठबन्धनका उम्मेदवार विजयी भएका छन् ।

निर्वाचन आयोगका अनुसार कोशी प्रदेशबाट नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) गठबन्धनका उम्मेदवार विजयी भएका छन् । त्यहाँ खस आर्यतर्फ कांग्रेसका सुनीलबहादुर थापा यसअघि नै निर्विरोध निर्वाचित हुनुभएको थियो । दलित समूहमा एमालेका सोमनाथ पोर्तेल सात हजार ४२३ मतभार ल्याई विजयी हुनुभएको छ । उहाँका निकटतम् प्रतिद्वन्द्वी नेपाली कम्युनिष्ट पार्टीका खेमराज सुन्दासले दुई हजार ३७ मतभार पाउनुभएको आयोगले जनाएको छ । महिला समूहमा पनि गठबन्धनकै रोशनी मेचे विजयी हुनुभएको छ । उहाँले सात हजार १७३ मतभार पाउँदा निकटतम प्रतिद्वन्द्वी नेकपाकी नमिता न्यौपानेले दुई हजार २६८ मतभार पाउनुभयो । कोशी प्रदेशमा कुल मतदाता ३६० रहेकामा ३४५ मत खसेको थियो । मधेस प्रदेशमा पनि तीन दलीय गठबन्धनका उम्मेदवार विजयी भएका छन् । यहाँ कांग्रेसका उम्मेदवार रञ्जितकुमार कर्ण एवं धर्मेन्द्र पासवान, लोसपाका महन्थ ठाकुर र एमालेकी रेखाकुमारी झा निर्वाचित हुनुभएको हो । मधेश प्रदेशमा ३६४ मतदाता रहेकामा ३४१ मत खसेको आयोगले जनाएको छ ।

बाग्मती प्रदेशमा गठबन्धनकै उम्मेदवार विजयी भएका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## चार जिल्लाका न्यायिक सहजकर्ताहरुको आत्ममुल्याकन कार्यशाला सुरुवात

**पोखरापत्र संवाददाता**
पोखरा, ११ माघ


गण्डकी प्रदेश सरकारले स्थानीय तहमा खटाएका न्यायिक सहजकर्ताहरुको क्षमता अभिबृद्धी गर्ने उद्देश्यले न्यायमा समान पहुच प्रवद्धनका लागि गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आयोजनामा गण्डकी प्रदेशका चार वटा जिल्लाका २८ वटा पालीकामा कार्यरत न्यायिक सहजकर्तहरुका लागी क्षमता अभिबृद्धी तथा आत्ममूल्यांकन तालीम पोखरामा सुरुवात भएको छ ।



प्रतिष्ठानका कार्यकारी निर्देशक सुरेन्द्र बाबु तिवारीको अध्यक्षता एव गण्डकी प्रदेशका मुख्य न्याधिवक्ता चिरन्जीवी शर्मा पौडेलको प्रमुख आतिथ्यतामा उद्धाटन सत्र जिल्ला सहकारी संघको हलमा उद्‌घाटन सम्पन्न भएको हो ।

उद्धाटन सत्रमा बोल्दै मुख्य न्याधिवक्ता चिरन्जीवी शर्मा पौडेल न्याय लहड र भावनाका आधारमा नभई कानुनको आधारमा हुनुपर्ने बताउनु भएको थियो । स्थानीय तहका न्यायिक समिति निष्पक्ष र कामकाजी बन्दा समग्र न्याय प्रणाली प्रतीको गरीमा बढ्ने बताउनु भएको थियो । गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका निर्देशक एव कार्यक्रम संयोजक लक्ष्मण तिमिल्सिनाले कार्यक्रमको रुपरेखा बारे बताउदै सहभागीहरुलाई स्वागत गरेका थिए भने प्रतिष्ठानका प्राध्यापन तथा प्रशिक्षण अधिकृत इ. मनोज पौडेलले संचालन गरेका थिए ।

दुइ दिनसम्म संचालन हुने तालीममा न्यायिक सहजकर्ताको काम कर्तव्य र अधिकार तथा उजुरी लिने कार्यविधि, विवाद निरुपण गर्ने कार्यविधि र मैत्री न्याय निरूपण, न्यायिक अधिकारको प्रयोग र न्यायिक समिति, न्यायिक समितिको अधिकार क्षेत्र, न्यायिक समिति र मेलमिलाप, न्यायिक समितिको अधिकार क्षेत्रको प्रयोगको प्रक्रिया, न्यायिक समिति र अन्य निकायसँगको अन्तरसम्बन्ध, न्यायिक समिति र निर्णय लेखन बारेमा गण्डकी प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता चिरन्जीवी शर्मा पौडेल, सहप्राध्यापक डा.भीमदत्त बराल, पोखरा महानगरपालीकाको उपप्रमुख मन्जु देवी गुरुङ, उपप्राध्यापक कृष्ण प्रसाद तिमिल्सिना लगाएतले सहजीकरण गर्नेछन ।



# जिसस महासंघ गण्डकीले मनायो स्थापना दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, ११ माघ

जिल्ला समन्वय समिति महासंघको ३१ औं स्थापना दिवसको अबसरमा जिल्ला समन्वय समिति महासंघ गण्डकी प्रदेश समितिले आफ्नो स्थापना दिवस मनाएको छ।

महासंघले "संघीयतामा जिल्ला समन्वय समितिको भुमिका" बिषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरेर स्थापना दिवस मनाएको हो।

कार्यक्रमको जिल्ला समन्वय समिति महासंघका केन्द्रिय सदस्यहरू सहित प्रदेशका जिल्ला प्रमुखहरूले संयुक्त उद्धाटन गर्नुभएको थियो। अन्तरक्रिया कार्यक्रममा गण्डकी प्रदेशका महान्यायाधिवक्ता चिरञ्जीवी शर्माले संघीयतामा जिल्ला समन्वय समितिको भुमिका बिषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

महान्यायाधिवक्ता शर्माले बिकास निर्माणको सहजीकरणमा महत्त्वपूर्ण भुमिका खेलिरहेका जिल्ला समन्वय समितिहरूलाइ थप प्रभावकारी र कार्य सम्पादनमा सहज बनाउन संघ सरकार र प्रदेश सरकार गम्भीर बन्नुपर्ने र आबश्यक कानुनी ब्यबस्थापन सहित मजबुत नीति निर्माण गर्न सके बिकास थप गुणस्तरीय हुने उल्लेख गर्नुभयो।जिल्ला समन्वय समिति महासंघ गण्डकी प्रदेश समितिका अध्यक्ष एबम जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले संघीयताको मर्म अनुसार जिससहरूलाई मजुबुतिकरणका लागि संघ र प्रदेश सरकारलाई पटक पटक आग्रह गरिए पनि फलदायी हुन नसकेको र सरकार त्यसतर्फ गम्भीर नदेखिएको गुनासो गर्नुभयो । अध्यक्ष पौडेलले सिमित स्रोत साधन र बिद्यमान कानुनी ब्यबस्था अनुसार नै जि स सहरू आफ्नो आबश्यकता र औचित्य पुष्टि हुने गरि कार्य सम्पादनमा उत्रिनु सुखद भएको उल्लेख गर्दै समयानुकूल कानुनी संरचना निर्माण गर्न आग्रह गर्नुभयो । कार्यक्रममा गण्डकी प्रदेशका जिल्ला समन्वय प्रमुख, उप प्रमुख, सदस्य सहित सरोकारवाला सरकारी तथा गैर सरकारी संस्था, नागरिक अगुवा एबम संचारकर्मीहरूको उपस्थिति रहेको थियो । जिल्ला समन्वय समिति महासंघ गण्डकी प्रदेश समितिका अध्यक्ष एबम जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उपाध्यक्ष सोम जि सि र संचालन सरस्वती बगालेले गर्नुभएको थियो।

# एमाले पोखरा ९ को निर्वाचन परिचालन कमिटि संयोजकमा प्रेम गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, ११ माघ




फागुन २१ गते हुने आम निर्वाचनको लागि कास्की क्षेत्र नं. २ अन्तरगत पोखरा महानगरपालिका वडा नं. ९ मा नेकपा एमाले निर्वाचन परिचालन कमिटिको संयोजकमा प्रेम गुरुङ र सहसंयोजकमा सरस्वती श्रेष्ठ चयन भएका छन्।

आईतबार नेकपा एमालेका केन्द्रिय सदस्य तथा कास्की क्षेत्र नं. २ का उमेद्वार रश्मी आचार्यको प्रमुख आतिथ्यतामा र एमालेका नेताहरु निर्वाचन परिचालन कमिटि क्षेत्र नं. २ का सहसंयोजक बलराम आचार्य, पोखरा महानगरपालिका कमिटि अध्यक्ष जिवन आचार्य, कास्की जिल्ला समिटि सदस्य तथा पोखरा ९ का इन्चार्ज कमल श्रेष्ठ लगाएतको उपस्थितिमा प्रेम गुरुङको संयोजकत्वमा पोखरा ९ स्तरिय ३३५ सदस्यीय निर्वाचन परिचालन कमिटि गठन गरिएको हो । नेकपा एमाले पोखरा ९ विस्तारित बैठक कमिटि अध्यक्ष सरस्वती श्रेष्ठको अध्यक्षतामा भएको थियो भने कार्यक्रम संचालन सचिव कृष्ण परियारले गरेका थिए।

# माझठानामा ४५ जनाले गरे रक्तदान

**पोखरापत्र संवाददाता**
पोखरा, ११ माघ

रक्तदाता केवल बजार क्षेत्रमा मात्र सिमित नभई ग्रामीण क्षेत्रमा पनि छन् भन्ने माझठानाको सौर्यमा आयोजित रक्तदान कार्यक्रमले उदाहरण दिएको छ।

माझठाना पोखरा सम्पर्क समाज र नेपाल रेडक्रस सोसाईटी उपशाखा पोखरा २८ द्धारा संयुक्तरुपमा आयोजित खुल्ला रक्तदान कार्यक्रममा ४५ जनाले रक्तदान गरेर उदाहरणीय भूमिका निर्वाह गरेका हुन्। ग्रिन डेभलोमेन्ट वैकको सामाजिक उत्तरदायित्व अन्तर्गतको आर्थिक सहयोगमा पोखरा २८ सौर्यस्थित उपशाखाका कार्यालय भवनमा आयोजना गरिएको रक्तदान कार्यक्रममा पाँच जना नयाँ रक्तदाता थपिनुका साथै नौ जना महिलाको सहभागिता रहेको थियो। माझठाना पोखरा सम्पर्क समाजका अध्यक्ष सारदा लामिछानेले पहिलो रक्तदाता ग्रिन डेभलोपमेन्ट बैकका प्रमुख कार्यकारी अधिकृत हरिबहादुर बुढाथोकीलाई ब्लडव्याग हस्तान्तरण गरेर कार्यक्रमको उद्घाटन गर्दै समाजको स्थापना दिनवको अवसरमा प्रत्येक बर्ष रक्तदान कार्यक्रम गर्दै आएको जानकारी दिनुभयो।

नेपाल रेडक्रस सोसाईटी कास्कीका उपसभापति रमा कोइरालले विभिन्न संघसंस्थाद्धारा आयोजना हुने नियमित रक्तदानले आकस्मिक उपचारमा रहेका विरामीको ज्यान जोगउन सफल भएको बताउनुभयो । कार्यक्रममा समाजकोतर्फबाट डा.नरेन्द्र लामिछाने र ग्रिन डेभलोपमेण्ट बैकको जिम्मेवारी समाल्दै आउनु भएका हरिवहादुर वुढाथोकीलाई दोसल्ला र सम्मानपत्रले सम्मान गरिएको थियो । समाजका अध्यक्ष सारदा लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा समाजका सल्लाहकार दुर्गादत्त भुर्तेल,रत्नशोभा माध्यमिक विद्यालय भुतपूर्व विद्यार्थी एसोसिएसनका अध्यक्ष शुक्रराज शर्मा लगायतले रक्तदानको महत्व र आवश्यकताबारे चर्चा गर्नुभएको थियो।

नेपाल रेडक्रस सोसाईटी रक्तसञ्चार केन्द्रका प्रमुख अर्जुनप्रसाद ज्ञवाली सहितको प्राविधिक टोलीले रक्तदान कार्यक्रममा सहयोग गरेको थियो। नेपाल रेडक्रस सोसाईटी माझठाना उपशाखाका सभापति राजेन्द्र तिवारीले स्वागत र कार्यक्रम संयोजक विनोद तिवारीले धन्यवाद ज्ञापन गर्नुभएको कार्यक्रम समाजका सचिव विष्णुहरि तिवारीले सञ्चालन गर्नुभएको थियो।

## उद्योग ...

मैत्री वातावरण बनाउदै जानु पर्ने र निजी क्षेत्र सरकारसँग हातेमालो गरेर अगाडी बढ्न तयार रहेको बताउनु भयो। उहाँहरुले तीन तहको सरकारबाट उद्योग दर्ता र नवीकरणको साथै करप्रणालीमा सरलता र एकरुपता हुनुपर्ने कुरामा जोड दिनुभयो।

एकीकृत सेवा कार्यालयका प्रमुख जीवन पौडेलले यस किसिमको कार्यक्रमले सरकार र नीजि क्षेत्रबीचको सम्बन्ध सुमधुर हुनुको साथै कार्यालयबाट प्रवाह हुने सेवामा सुधार गर्न टेवा पुग्ने विश्वास व्यक्त गर्नु भयो। उद्योग, व्यापार र पर्यटन क्षेत्रको विकास र विस्तारले नै रोजगार अभिबृद्धि भई मुलुकको समग्र विकास र समृद्धिमा सहयोग पुग्ने भएकोले जिल्लाका ११ वटै स्थानीय तहका उद्योगी तथा व्यवसायीसँग अन्तर्क्रिया कार्यक्रम गरी प्राप्त सुझावलाई कार्यान्वयन गर्दै लगिने बताउनु भयो। एकीकृत सेवा कार्यालयका प्रमुख जीवन पौडेलको अध्यक्षतामा सञ्चालन भएको कार्यक्रमको सञ्चालन अधिकृत खुमलाल ढकालले गर्नु भएको थियो।

## राष्ट्रियसभा...

छन् । कांग्रेसका गीता देवकोटा विजयी हुनुभएको छ। बाग्मती प्रदेशमा ३३८ मत रहेकामा ३१८ मत खसेको थियो। गण्डकी प्रदेशबाट कांग्रेसका जगत तिमिल्सिना विजयी हुनुभयो। महिला समूहमा एमालेकी सम्झना देवकोटा विजयी हुनुभयो। प्रदेशका २२८ मतदातामध्ये २२३ मत खसेको आयोगले जनाएको छ । लुम्बिनी प्रदेशमा पनि गठबन्धनकै उम्मेदवार विजयी भएका छन्। अपाङ्गतातर्फ कांग्रेसका वासुदेव घिमिरे 'जङ्गली' र अन्यमा कांग्रेसकै चन्द्रबहादुर केसी निर्वाचित भएको आयोगले जनाएको छ। महिलातर्फ गठबन्धनबाट एमाले उम्मेदवार रामकुमारी झाँक्री विजयी हुनुभएको छ। लुम्बिनी प्रदेशमा २९९ मतदाता रहेकामा २८६ मत खसेको थियो । कर्णाली प्रदेशमा पनि गठबन्धनकै उम्मेदवार विजयी भएका छन् । कांग्रेस कर्णाली प्रदेश सभापति ललितजङ्ग शाही र एमालेका मीनासिंह रखाल विजयी हुनुभएको छ। शाही अन्य र रखाल महिला समूहबाट विजयी हुनुभएका हो। कर्णाली प्रदेशमा १९८ मतदाता रहेकामा १९१ मत खसेको आयोगले जनाएको छ । सुदूरपश्चिम प्रदेशमा पनि गठबन्धनका खम्बबहादुर खाती र लीला भण्डारी विजयी हुनुभएको छ । उक्त प्रदेशमा २२४ मतदाता रहेकामा २२० मत खसेको थियो।

# वैदेशिक रोजगार संरक्षण संघको साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, ११ माघ



वैदेशिक रोजगार संरक्षण संघ, गण्डकी प्रदेशको १२औं साधारण सभासम्पन्न भएको छ।

वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूको हक-हित, संरक्षण तथा सुरक्षित वैदेशिक रोजगारीको प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित कार्यक्रममा श्रम रोजगार कार्यालय कास्कीका अधिकृत प्रदिप ढकालले वैदेशिक रोजगारीका क्रममा श्रमिकहरूले भोग्दै आएका समस्या, ठगी तथा जोखिम न्यूनीकरणमा संघले खेलेको भूमिकाको प्रशंसा गरे।

उनले आगामी दिनमा सरकार, सरोकारवाला निकाय र संघबीचको सहकार्य अझ सुदृढ हुनुपर्ने धारणा व्यक्त गर्दै सुरक्षित, मर्यादित तथा कानुनी वैदेशिक रोजगारीलाई संस्थागत रूपमा अगाडि बढाउन यस्ता कार्यक्रमहरू अत्यन्त महत्वपूर्ण रहेको बताए । कार्यक्रमका वक्ताहरुले संघको स्थापना कालदेखि हालसम्म श्रमिकहरूको पक्षमा गरिएका पहल, उद्धार, परामर्श तथा सचेतनामूलक गतिविधिहरूको चर्चा गर्दै आगामी दिनमा पनि निरन्तर सहयोग र सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे । संघका अध्यक्ष सुजन श्रेष्ठले व्यवसायीहरूबीचको सहकार्यलाई अझ मजबुत बनाउँदै संस्थालाई थप सशक्त बनाउनु पर्नेमा जोड दिनुहुँदै वैदेशिक रोजगार व्यवसायलाई मर्यादित र जिम्मेवार बनाउन सबै व्यवसायीलाई आग्रह गरे। संघको दीर्घकालीन उद्देश्यलाई सुदृढ बनाउने लक्ष्यसहित "अक्षय कोष" स्थापना गरिएको छ। उक्त अक्षय कोषमार्फत भविष्यमा वैदेशिक रोजगारीका क्रममा समस्यामा परेका श्रमिक तथा उनका परिवारलाई राहत, सहयोग र पुनःस्थापनासम्बन्धी कार्यक्रम सञ्चालन गरिने जनाइएको छ । कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष रविराज घिमिरे तथा महासचिव धिराजद्धारा संयुक्त रूपमा सञ्चालन गरिएको थियो भने स्वागत मन्तव्य सचिव लक्ष्मण पराजुलीले राख्नुभएको थियो।

# मुलुकभित्रका बेथिति आपसी समन्वयमार्फत अन्त्य गर्दै जानुपर्छ: प्रधानमन्त्री कार्की

**रासस**
काठमाडौं, ११ माघ

प्रधानमन्त्री सुशीला कार्कीले मुलुकभित्र रहेका बेथिति, विसङ्गति, भ्रष्टाचारलाई आपसी सहकार्य, समन्वयमार्फत अन्त्य गर्दै जानुपर्ने धारणा राख्नुभएको छ।

नेपाल खुल्ला विश्वविद्यालयद्वारा प्रधानमन्त्री एवं कुलपति कार्कीको प्रमुख आतिथ्यमा आइतबार यहाँ आयोजित पहिलो दीक्षान्त समारोहमा उहाँले उत्कृष्ट उच्च शिक्षामार्फत स्वदेशभित्र रोजगारीका अवसर सिर्जना गरी विद्यमान समस्या समाधान गर्दै जानुपर्नेमा जोड दिनुभयो । "हाम्रो मुलुक अरुले आएर बनाइदिने होइन, हामीले बनाउने हो। बेथितिबाट भाग्ने होइन। हामीले बेथिति, भ्रष्टाचारलाई हटाउँदै जानुपर्छ", प्रधानमन्त्री कार्कीले भन्नुभयो, "दीक्षित विद्यार्थीलाई मुलुक बनाउने अभियानमा सहकार्य गर्न म आग्रह गर्दछु।

विश्वविद्यालयले प्रतिभा पलायन हुन नदिने, आजका युवाको बदलिँदो स्थितिलाई सम्बोधन गर्ने र उत्पादित जनशक्तिले स्वदेशमा योगदान दिनसक्ने गरी उत्पादनमुखी शिक्षा दिन सक्नुपर्छ ।"समारोहमा प्रमुख अतिथि शिक्षाविद् एवं त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति केदारभक्त माथेमाले जीवनपर्यन्त सिकाइमा लाग्नु र कठिन अवस्थामा पनि सिकाइलाई निरन्तरता दिनसक्नु खुल्ला विश्वविद्यालयका विद्यार्थीको दायित्व हुने बताउनुभयो। कार्यक्रमा सहभागी विभित्र सङ्कायका उत्तीर्ण विद्यार्थीलाई दीक्षित गरिएको थियो। विज्ञान, स्वास्थ तथा प्रविधि सङ्काय, सामाजिक शास्त्र तथा शिक्षा सङ्काय र व्यवस्थापन तथा कानुन सङ्कायमा उच्चशिक्षा दिँदै आएको छ। खुल्ला विश्वविद्यालयका उपकुलपति डा शिलु मानन्धर बज्रचार्यले व्यस्त जीवनशैली बिताइरहेका व्यक्तिलाई खुल्ला विश्वविद्यालयमार्फत दूरशिक्षाका माध्यमबाट सहज रूपमा उच्चशिक्षा दिँदै आएको बताउनुभयो।


## Embassy of India
## Pension Paying Office
## Rambazar, Pokhara (Nepal)

**REPAIR AND RENOVATION OF WORKS OF THE EOI, PPO POKHARA FOR THE FY 2025-2026**

1. Sealed tender documents/quotations are invited from reputed bidders for the following repair/ maintenance works of EoI, PPO Pokhara :-
   1.1. Renovation of False Ceiling works of MK Pandey & Manekshaw Dormitories and South Guest House of PPO Pokhara.
   1.2. Colouring of whole Boundary Wall and Compound Wall of PPO Pokhara.
   1.3. Renovation of Treasury Guard Room of PPO Pokhara.
   1.4. Renovation of Bhu Puu Parking Area Near No 1 Main Gate of PPO Pokhara.
2. The last date of receipt of offer in sealed envelope **(Technical Bid and Financial Bid)** separately in each work is on or before **29 Jan 2026 up to 1700** hrs. The notice is also available on website www.indianembassy.org.np and eprocure.gov.in. The bid documents to be **downloaded** from **Embassy of India, Kathmandu, Nepal** website under **Tender Notices.** Tele No. 061-434240/061-435804/061-435805.
3. Bidders may visit the proposed work site before submitting their bids.

**Asst Military Attache (P) &**
**Officer-in-Charge**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**







फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।
– अज्ञात

## सम्पादकीय

# राष्ट्रिय सभाको निर्वाचनबाट कांग्रेस पहिलो बन्दै

राष्ट्रिय सभाको १८ सिटका लागि भएको निर्वाचनमा कांग्रेस-एमाले गठबन्धनले क्लिन स्विप गरेको छ। काङ्ग्रेस र एमलेले राष्ट्रिय सभामा तालमेल गरेका थिए । काङ्ग्रेस सभापति शेर बहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीले गरेको सहमति काङ्ग्रेस विशेष महाधिवेशनबाट निर्वाचित सभापति गगन कुमार थापाले कार्यान्वयन गरेको कारण गठबन्धनले सफलता पाउन सक्यो । राष्ट्रिय सभाका एक तिहाइ सदस्यको अवधि फागुन २० गते सकिदैछ।निर्वाचित सदस्यको कार्यकाल फागुन २१ गतेबाट शुरुहुन्छ । निर्वाचन परिणाम अनुसार राष्ट्रिय सभामा काङ्ग्रेसलाई सबैभन्दा ठूलो दल बनाएको छ । यो निर्वाचनमा काङ्ग्रेसको सबै वोनस हो।दुई दलबीचको गठबन्धनले गर्दा कोशी प्रदेशमा खस-आर्यतर्फको एउटा सिटमा कांग्रेसका सुनील थापा निर्विरोध भइसकेकोमा आइतबार बाँकी १७ सिटका लागि मतदान भएको हो । १७ सिटका लागि ४४ जनाले उम्मेदवारी दिएकोमा एमालेले आठ, कांग्रेसले आठ र जसपा नेपालले एक सिटमा जित निकालेको हो ।

कोशीमा नेकपा एमालेकी रोशनी मेचे (महिला) र एमालेकै सोमनाथ पोर्तेल (दलित) निर्वाचित भए। कांग्रेसका सुनील थापा (खस-आर्य) यसअघि नै निर्विरोध निर्वाचित भएका हुन् । मधेशमा पनि गठबन्धनले जित निकालेको छ। एमालेकी रेखा झा (महिला), कांग्रेसका रंजित कर्ण (अल्पसंख्यक), कांग्रेसकै धर्मेन्द्र पासवान (दलित) र जसपा नेपालका महन्थ ठाकुर (अन्य) निर्वाचित भए । बागमतीमा नेपाली कांग्रेसकी गीता देवकोटा (महिला) र नेकपा एमालेका डा. प्रेमप्रसाद दंगाल (अन्य)ले जित निकाल्दा गण्डकीमा समेत अन्य दलका उम्मेदवार पराजित भए । गण्डकीमा ‘अन्य’ क्लस्टरबाट नेपाली कांग्रेसका प्रा.डा. जगत तिमिल्सिना र ‘महिला’ क्लस्टरबाट नेकपा एमालेकी सम्झना देवकोटा निर्वाचित भएका हुन् ।

यसैगरी, लुम्बिनीमा नेपाली कांग्रेसका वासुदेव जंगली (अपांग), कांग्रेसकै चन्द्रबहादुर केसी (खुला) तथा एमालेकी रामकुमारी झाँक्री (महिला) विजयी भए । कर्णालीमा एमालेकी मीनासिंह रखाल (खुला) र कांग्रेसका ललितजंग शाही (अन्य) तथा सुदूरपश्चिममा कांग्रेसका खम्मबहादुर खाती (अन्य) र एमालेकी लीलाकुमारी भण्डारी (महिला) राष्ट्रिय सभा सदस्य निर्वाचित भएका छन् । आइतबार १८ पदका लागि भएको निर्वाचनपछि राष्ट्रिय सभामा नेपाली कांग्रेस सबैभन्दा ठुलो दल बन्न पुगेको छ ।

निर्वाचनपछि नेपाली कम्युनिस्ट पार्टी दोस्रोमा झरेको छ । १८ पद मध्ये आइतबारको निर्वाचनमा कांग्रेसका तर्फबाट ९ जना सदस्य निर्वाचित हुँदा राष्ट्रिय सभामा कांग्रेसको सिट बढेर २५ पुगेको छ । राष्ट्रिय सभामा २५ सांसदसहित कांग्रेसले पहिलो ठुलो दलको हैसियत बनाएको छ । यसअघि राष्ट्रिय सभामा कांग्रेसका १६ सांसद थिए । निर्वाचनबाट ९ सांसद थपिएपछि उसको सिटसंख्या बढ्न पुगेको छ । यससँगै राष्ट्रिय सभामा शक्ति सन्तुलन फेरिएको छ । निर्वाचनमा नेपाली कांग्रेस, नेकपा एमाले र जनता समाजवादी पार्टी (जसपा) नेपालबिच चुनावी तालमेल भएको थियो । यही तालमेल अनुसार कांग्रेसले ९, एमालेले ८ र जसपाले १ सिट प्राप्त गरेका हुन् ।

यस निर्वाचनपछि तत्कालीन माओवादी केन्द्रसहित नेकपा एकीकृत समाजवादी मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टी सबैभन्दा ठुलो दलबाट झरेर दोस्रो ठुलो दलमा खुम्चेको छ । राष्ट्रिय सभामा १८ सिटसहित दोस्रो ठुलो दलको हैसियत नेपाली कम्युनिस्ट पार्टीले बनाउँदा नेकपा एमाले भने पूर्ववत ११ सिटसहित तेस्रो स्थानमै सीमित भएको छ । यसअघि पनि ११ सांसद रहेको एमाले ८ सांसद बाहिरिने र आइतबारको निर्वाचनमा ८ जना नै थपिएपछि राष्ट्रिय सभामा एमालेका सांसद ११ कायमै हुने भएका हुन् ।

त्यसबाहेक जसपा नेपालका ३ र राष्ट्रिय जनमोर्चाका १ सांसद राष्ट्रिय सभामा कायम भएका छन् । यद्यपि निर्वाचनपछि राष्ट्रिय सभामा बदलिएको समीकरण र फेरिएको हैसियतले आगामी फागुन २० पछि मात्र औपचारिकता पाउनेछ । राष्ट्रिय सभाको निर्वाचनमा तालमेल गरेपछि प्रतिनिधिसभा सदस्यमा पनि अघोषित हुन सक्ने संकेत हो । राष्ट्रिय सभामा पुराना नेतासंगै युवाहरूको पनि प्रवेश भएको छ । राजनीतिक समिकरण फेरबदल भएमा राष्ट्रिय सभाको भूमिकालाई प्रभावकारी बनाउने काम अखिल र नेविसंघको केन्द्रीय नेतृत्व गरेका पात्रको प्रवेशले अवश्य गर्ने आशा गर्न सकिन्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : अप्रत्यसित लाभ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : शत्रुको भय | धनु | : मानसिक तनाब |
| ककर्ट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शुभ यात्रा |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# चार करोडमा प्रभा माविको १६ कोठे भवन निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ माघ

अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा रहेको प्रभा माविको नयाँ भवन निर्माण भएको छ । सङ्घीय सरकारको करिब रु चार करोड अनुदानमा अन्नपूर्ण गाउँपालिकाले तीनतले भवन निर्माण गरेको छ । जयलक्ष्मी/अभियान जेभीले २०८० सालमा रु तीन करोड ८४ लाख १८ हजार ९०७ मा ठेक्का सम्झौता गरेको थियो ।

निर्माण कम्पनीले निर्धारित समय २०८२ पुस महिनाभित्रै भवन निर्माण सकेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तेज गुरुङले जानकारी दिनुभयो । भूकम्पप्रतिरोधी क्षमताको भवनमा १६ वटा कोठा छन् । आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय सरकारले शिषेष अनुदान शीर्षकमा बजेट विनियोजन गर्न छुटाएपछि रोकिएको निर्माणकार्यलाई चालु आवमा बाँकी रु एक करोड ८४ लाख विनियोजन भएपछि पूर्णता पाएको अध्यक्ष गुरुङले बताउनुभयो। निर्धारित समयमै भवन निर्माण सकिए पनि सरकारले बजेट निकासा नदिएकाले व्यवसायीले भुक्तानी नपाएको गुनासो गरेका छन् । हालसम्म रु दुई करोड बजेट खर्च भएको योजनाका लागि चालु आवमा विनियोजन भएको बजेट निकासाप्राप्त भएको छैन । प्रभा माविमा सञ्चालित इलेक्ट्रिकल इन्जिनियरिङ विषयको पठनपाठनका लागि नयाँ भवन निर्माण भएको हो । कक्षा १२ सम्मको पठनपाठन हुने विद्यालयमा एक सय ६५ विद्यार्थी छन् । नयाँ भवन निर्माण भएपछि पठनपाठन सहज भएको प्रअ दुर्गालाल रोकाले बताउनुभयो ।

# बैदामको प्रशिक्षण तथा मल, बिउ वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, ११ माघ

वडा स्तरीय कृषि सञ्जाल पोखरा ६ बैदामको समन्वयमा मल, बिउ वितरण तथा प्रशिक्षण कार्यक्रममा २ सय ६० कृषक लाई बिउ र २ हजार किलो गड्यौला मल वितरण गरिएको छ।

किसानलाई जैविक मल उत्पादनमा संलग्न गराई रासायनिक मल तथा विषादीको प्रयोग न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रणाली प्रवर्द्धन गर्ने लक्ष्य सहित कार्यक्रम सञ्चालन गरिएको कृषि सञ्जाल बैदामकी अध्यक्ष बिन्दा धरेलले जानकारी दिइन । उक्त कार्यक्रममा पोखरा महानगर पालिकाको प्राविधिक तथा वडा समितिको कार्यलय वडा नम्बर ६ बैदामको आर्थिक सहयोग तथा वडा स्तरीय कृषि सञ्जाल बैदामको समन्वयमा कार्यक्रम शनिबार सम्पन्न भएको हो । कार्यक्रमका प्रमुख अतिथि तथा पोखरा महानगर पालिका वडा नं-६ बैदामका अध्यक्ष विष्णु बहादुर भट्टराईले रासायनिक मलको बढ्दो प्रयोगले माटोको उर्वराशक्ति कमजोर बनाउँदै लगे पनि गड्यौला मलले जमिनलाई पुनः उर्वर बनाउने भएकाले यसले स्वस्थ वातावरण निर्माणमा टेवा पुग्ने बताए । वडावासीको स्वास्थ्य र वातावरणलाई ध्यानमा राख्दै कुहिने फोहोरलाई अर्गानिक कम्पोस्ट मलमा रूपान्तरण गर्ने उद्देश्य वडाले लिएको अध्यक्ष भट्टराईले सुनाए । पोखरा महानगर पालिकाका कृषि महाशाखाका प्रमुख मनोहर कडरियाले कार्यक्रममा उपस्थित कृषकहरूलाई प्रशिक्षण दिदैं जैविक कृषि प्रणालीलाई प्रवर्द्धन गर्दै गड्यौले मल उत्पादनमा कृषकलाई संलग्न गराउन आग्रह गरे । उनले जैविक कृषि मल र गड्यौला मल लागि आवश्यक सामग्री, तालिम निःशुल्क रूपमा उपलब्ध गराउने व्यवस्था महानगर पालिकाले गर्दै आएको बताए । पोखरा महानगर पालिका वडा नं - ६ वडा सदस्य पवित्रा थापाले वितरण गरिएको मल र बीउलाई उत्पादनमा प्रयोग गरि अर्गानिक उत्पादन गर्ने कृषकलाई आग्रह गरिन । पोखरा महानगर पालिका वडा नं - ६का सदस्य बासु बरालले कृषिमा आत्म निर्भर गराउँदै कृषि उपज निर्यात गर्न सके कृषकहरूको समृद्धिको बाटो खुलाउन तर्फ सरकार लाग्नु पर्नेमा जोड दिए। पोखरा महानगर पालिका वडा न ६ कृषि सञ्जाल अध्यक्ष तथा सल्लाहकार बबिता मल्ल किसानलाई प्रोत्साहन गर्न र युवा वर्गलाई कृषि पेशातर्फ आकर्षण गर्न किसानहरूलाई कृषि अनुदान बढाउन तर्फ राज्य लाग्नु पर्ने बताइन। पोखरा महानगर पालिका वडा नं ९ वडा स्तरीय कृषि सञ्जालका संयोजक विमला राना भाटले किसानलाई सहज रूपमा मल बिउ उपलब्ध गराउन, सुफत मूल्यमा बिउ बिजन वितरण गर्नु स्थानीय सरकारले ध्यान दिनु पर्नेमा जोड दिइन । अध्यक्ष बिन्दा धरेलले माटोको उर्वरा पनि बढाउने र कम पानीले पनि सिचाइ गरि उत्पादन बढ्ने हुनाले हामी सबै गड्यौला र कम्पोष्ट मल प्रयोग गरि उत्पादन बढाउन तर्फ लाग्न आग्रह गरिन । सञ्जालकी अध्यक्ष बिन्दा धरेलको सभाअध्यक्षमा भएको कार्यक्रमा स्वागत उपाअध्यक्ष रामेश्वर न्यौपाने गरेका थिए । सचिब चन्द्रकला घिमिरे पहारी र मणिमार्ग टोल विकास सस्था बैदामका अध्यक्ष महेश्वर पहारी लगाएतका आफ्ना भनाइ राखेका थिए ।

# माछा मार्न जाल हान्ने क्रममा एक जना बेपत्ता

**पोखरापत्र संवाददाता**
तनहुँ, ११ माघ

तनहुँको म्याग्दे गाउँपालिका-४ सेतीखोलामा माछा मार्न जाल हान्ने क्रममा एक पुरुष बेपत्ता भएका छन् । बेपत्ता हुनेमा भीमाद नगरपालिका-५ आँमडाँडा तुतुवाका ४४ वर्षीय टेकबहादुर सप्लाङ्गी रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो । जाल हान्ने क्रममा चिप्लिएर उनी भुमरीमा परी बेपत्ता भएका थिए ।

स्थानीयले खोजतलास गर्दा फेला पार्न नसकेको प्रहरीमा जानकारी प्राप्त हुनसाथ तत्काल इलाका प्रहरी कार्यालय भीमादबाट प्रहरी टोली खटिएको उहाँले बताउनुभयो ।

# गोरखामा सुन्तला उत्पादन १५ प्रतिशत बढ्यो

**पोखरापत्र संवाददाता**
दमौली, ११ माघ



जिल्लामा यस वर्ष सुन्तला उत्पादन १५ प्रतिशतले वृद्धि भएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइका अनुसार जिल्लामा यो वर्ष तीन हजार १८७ मेट्रिक टन सुन्तला उत्पादन भएको हो ।

किसानले करिब रु २२ करोड आम्दानी गरेको एकाइकी सूचना अधिकारी पूजा रेग्मीले बताउनुभयो । किसानले रु एक करोड ५० लाखबराबरको कागतीसमेत बिक्री गरेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार यो वर्ष गोरखामा १५ देखि २० प्रतिशतले सुन्तलाको उत्पादन बढेको छ । उत्पादन बढेसँगै किसान उत्साहित बनेका सूचना अधिकारी रेग्मीको भनाइ छ । “यस वर्ष मौसम अनुकूल भएकाले पनि उत्पादन बढेको हो, विगतका वर्षहरुमा रोपेको सुन्तलाले यस वर्षबाट उत्पादन दिन थालेकाले पनि उत्पादनमा वृद्धि आएको हो”, उहाँले भन्नुभयो । गत वर्ष जिल्लाभर जम्मा १९ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । यस्तै, आर्थिक वर्ष २०८०/८१ मा एक हजार ६०० मेट्रिक टन र आव २०७९/८० मा एक हजार ८०० मेट्रिक टन सुन्तला उत्पादन भएको सूचना अधिकारी रेग्मीले बताउनुभयो । कृषि ज्ञान केन्द्रले पनि यो वर्ष जिल्लामा सुन्तलाको उत्पादन बढेको बताएको छ। कार्यालयका सूचना अधिकारी सुमन भट्टराईका अनुसार यो वर्ष जिल्लाभर १५ प्रतिशतले सुन्तलाको उत्पादन बढेको हो । कार्यालयले आम्दानीको विवरण भने नराखेको उहाँले जानकारी दिनुभयो । “मौसमको अनुकूलता र किसानको मेहनतका कारण यो वर्ष उत्पादन बढेको हो । कृषि ज्ञान केन्द्रले पनि आफ्नो ठाउँबाट प्राविधिक सहयोग गर्दै आएको छ”, उहाँले भन्नुभयो । जिल्लाको सुन्तला जात फलफूलखेतीलाई राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइले सघाउँदै आएको छ । कार्यालयले जिल्लामा सुन्तला जोन कार्यक्रम लागू गरेर सुन्तलाखेती प्रवर्द्धन गर्दै आएको छ। गण्डकी, सहिदलखन, भीमसेनथापा गाउँपालिका र गोरखा नगरपालिकाका सबै वडा, पालुङटार नगरपालिकाका वडा नं ९ र १० तथा सिरानचोक गाउँपालिकाको वडा नं २, ४ र ५ लाई समेटेर सुन्तला जात फलफूल जोन घोषणा गरी कार्यान्वयन गरिरहेको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइका प्रमुख पूर्ण ढुङ्गाना बताउनुहुन्छ । ढुङ्गानाका अनुसार जिल्लामा सुन्तलाको उत्पादन बढाउन बगैँचा व्यवस्थापन तथा चक्लाबन्दी, क्षेत्र विस्तार, साना सिँचाइ पूर्वाधार निर्माण, उन्नत प्रविधिसहितको प्रदर्शनी, साना मेसिनरी वितरणलगायत कार्यक्रम सञ्चालन गरिएको छ । सुन्तला जोनबाहेकका क्षेत्रमा करिब १० प्रतिशत सुन्तला उत्पादन हुने गरेको छ । सुन्तला जिल्लाको गण्डकी, भीमसेनथापा र सहिदलखन, सिरानचोक गाउँपालिका, गोरखा र पालुङटार नगरपालिका तथा उत्तरी गोरखाको धार्चेस्थित कासीगाउँमा फल्ने गर्छ । गण्डकीको ताङ्लीचोक, भुम्लिचोक, फलाटे, फुजेल र सहिदलखनको मनकामना, ताक्लुङ, मास्केछाप, तीनमाने, अँधेरीलाई सुन्तालको पकेट क्षेत्र मानिन्छ । त्यस्तै, भीमसेनथापाको तान्द्राङ, पालुङटारको बागडाँडा, शेरा र गोरखा नगरपालिकाको ताप्ले, नारेश्वर, फिनाम र भट्टबैंसीलाई पनि सुन्तला उत्पादनको पकेट क्षेत्रका रूपमा लिने गरिन्छ । जिल्लाको करिब एक हजार ९७ हेक्टर क्षेत्रमा सुन्तलाखेती हुँदै आएको छ भने करिब तीन सय किसान सुन्तलाखेतीमा आबद्ध छन् । जिल्लाका किसानले खाकु र स्थानीय जातको सुन्तला लगाउँदै आएका छन् ।

# कभर्डहल सञ्चालनको जिम्मा खेलकुद विकास समितिलाई

**पोखरापत्र संवाददाता**
दमौली, ११ माघ



व्यास नगरपालिका-३ बिपी वनवाटिकास्थित कभर्डहल खेलकुद विकास समिति तनहुँमार्फत सञ्चालन गरिने भएको छ। व्यास नगरपालिकाको लगानीमा निर्माण भएको कभर्डहल खेलकुद विकास समितिलाई हस्तान्तरण गर्न लागिएको हो । नगरपालिकाको हालै सम्पन्न कार्यपालिका बैठकले जिल्ला समन्वय समितिसँग समन्वय गरी खेलकुद विकास समितिमार्फत सञ्चालन व्यवस्थापन मिलाउने निर्णय गरेको नगर प्रवक्ता सुरेश थापाले जानकारी दिनुभयो ।

हाल कभर्डहलमा व्याडमिन्टन प्रतियोगिता सञ्चालन हुँदै आएको छ । व्यास नगर व्याडमिन्टन क्लबले रु ९६ लाख ६३ हजार ७४७ को लागतमा कभर्डहल निर्माण गरेको हो । पछिल्लो समय व्याडमिन्टनतर्फ खेलाडीको आकर्षण बढ्दै गएकाले कभर्डहल निर्माण गरी यहाँ व्याडमिन्टनका खेल सञ्चालन गरिएको क्लबका अध्यक्ष जीवन गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार कभर्डहल निर्माणका लागि व्यास नगरपालिकाले रु ८७ लाख ८५ हजार २३४ सहयोग गरेको छभने लागत नगद सहभागिता रु सात लाख रहेको छ । त्यस्तै रु एक लाख ७८ हजार ५२२ श्रमदान गरी कुल रु ९६ लाख ६३ हजार ७४७ को लागतमा कभर्डहल निर्माण भएको हो । जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको उक्त कभर्डहलको जग्गा व्यास नगरपालिकालाई हस्तान्तरण गरिएको थियो । कभर्डहल निर्माणका लागि आर्थिक वर्ष २०७७/७८ मा नगरपालिकाले रु ३२ लाख ८४ हजार २९३, आव २०७८/७९ मा रु ३१ लाख २५ हजार ९३१, आव २०८०/८१ मा रु १४ लाख २५ हजार र चालु आवमा रु नौ लाख ५० हजार सहयोग गरेको थियो ।

# तनहुँमा निर्वाचन प्रहरीका लागि पुनः दरखास्त माग

**पोखरापत्र संवाददाता**
दमौली, ११ माघ

जिल्ला प्रहरी कार्यालयले निर्वाचन प्रहरीका लागि जनशक्ति अभाव भएको जनाउँदै पुनः दरखास्त आह्वान गरेको छ । निर्वाचन प्रहरीका लागि एक हजार पाँच सय ७३ जनाको निवेदन माग गरिएकामा तनहुँमा एक हजार ४३३ जनाको निवेदन परेको थियो ।

कार्यालयले शारीरिक तन्दुरुस्ती र स्वास्थ्य जाँचपश्चात् एक हजार २३६ जना उत्तीर्ण गरी लिखित परीक्षा सञ्चालन गरेकामा एक हजार २१६ जना उत्तीर्ण भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो । कार्यालयले सूचना जारी गरी निर्वाचन प्रहरीको थप दरखास्त माग गरेको छ । कार्यालयले यसअघि पुस २५ गतेदेखि माघ ३ गतेसम्म दरखास्त लिएकामा पुनः माघ १० र ११ गते दुई दिन निवेदन दिनसक्ने व्यवस्था गरिएको छ । प्रनाउ विकका अनुसार जिल्ला प्रहरी कार्यालय दमौली, इलाका प्रहरी कार्यालय आँबुखैरेनी, इलाका प्रहरी कार्यालय बेलचौतारा, इलाका प्रहरी कार्यालय भानु र इलाका प्रहरी कार्यालय बन्दीपुरमा निवेदन दिन सकिनेछ । पुनः आवेदन माग गरिएकामा शनिबार एक सय ९२ जनाले आवेदन दिएका छन् । त्यसमध्ये ६७ जना महिला र एक सय २५ जना पुरुष छन् ।

